उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार आयोजनाको प्रकाशन

# हिमाली कृषि सन्देश

चौमासिक

वर्ष - ३ अङ्क - ३ पूर्णाङ्क - ९ चैत्र, २०७२ - असार, २०७३

**कृषि व्यवसाय विकासद्वारा उत्पादन वृद्धि ! नाफा, रोजगारी र हिमाली भेगमा समृद्धि !!**

## कृषि व्यवसाय प्रवर्द्धन मेला-२०७३ सम्पन्न

हिमाली कृषि वस्तुहरूको प्रवर्द्धन गर्नको लागि आयोजना संचालन भएका जिल्लाहरूमा आयोजना संचालन भएको वर्ष देखि नै जिल्ला तथा क्षेत्रियस्तरीय कृषि व्यापार मेला संचालन गर्दै आएको छ । यस्ता मेलामा सहभागिता जनाउन आयोजनाले व्यवसायीहरूलाई उत्प्रेरणा दिंदै आएको छ । हिमाली उप-आयोजनाहरूबाट आम्दानी आउन थाले देखि नै राष्ट्रिय स्तरको कृषि व्यापार मेला संचालन गर्नुपर्छ भन्ने सोचाई अनुरूप, "कृषि व्यवसाय विकास द्वारा उत्पादन वृद्धि ! नाफा, रोजगारी र हिमाली भेगमा समृद्धि !!" भन्ने नाराका साथ प्रथम हिमाली कृषि व्यवसाय प्रवर्द्धन मेला-२०७३ सम्पन्न भएको छ ।




२०० भन्दा बढी उप-आयोजनाहरूले आम्दानी दिन सुरू गरिसकेको अवस्थामा हिमाली उप-आयोजनाहरूबाट उत्पादित कृषि उपजहरूको राष्ट्रिय तथा अर्न्तराष्ट्रियस्तरमा बजार प्रवर्द्धन गर्नुपर्ने आवश्यकतालाई महशुस गरी यस आयोजनाले कार्यन्वयन साझेदार संस्था नेपाल उद्योग बाणिज्य महासंघ, कृषि उद्यम केन्द्रसंगको सहकार्यमा मिति २०७३ साल जेष्ठ ७ देखि ९ गते सम्म हिमाली उप-आयोजनाका कृषि उपजहरूको प्रर्दशनी तथा प्रवर्द्धन मेलाको आयोजना गरेको थियो । माननीय पशुपन्छी विकास मन्त्री श्री शान्ता मानवी ज्यूको बाहूलीबाट समुद्घाटन भएको उक्त मेलामा संखुवासभा, सोलुखम्बु, दोलखा, रसुवा, मनाङ्ग, मुस्ताङ्ग, डोल्पा, जुम्ला, मुगु र हुम्ला जिल्लाका गरी करिब ७२ वटा स्टलहरू रहेका थिए । तीन दिनसम्म चलेको उक्त प्रदर्शनी मेलामा याक चीज, छुर्पी, राडी पाखी, फेरूवा तरकारी वीउ, केशर, तोरा जूस, रसुवा कालो मसुरो, जुम्ली मार्सि चामल, हिमाली चिया, सिलाजित, कर्णालिको सिमी, स्याउ, स्याउको चाना तथा जुस, ओखर चिराईतो, अलैंची, चौरीको पुच्छर, आदि मुख्य आकर्षण बनेका थिए । हिमाली उत्पादनहरूको पूर्ण रूपमा बिक्री, हिमाली वस्तुहरूको उपयोग सम्वन्धि जनचेतनामा वृद्धि, हिमाली व्यवसायी तथा व्यापारीहरू बीच दिर्घकालीन व्यापारिक सम्झौता आदि यस मेलाका महत्वपूर्ण उपलब्धिहरू हुन् ।

मेलाको समापन संगै सम्लग्न उप-आयोजना, सरोकारवाला र व्यवसायीहरू बिचको अन्तरक्रिया कार्यक्रमले हिमाली आयोजना र यसबाट अनुदान प्राप्त व्यवसायीहरूको मनोबल अरू उच्च बनेको छ । आफ्ना उत्पादनलाई अरू गुणस्तरीय बनाई राजधानीमा खपत गर्ने साथै अन्तराष्ट्रिय स्तरमै प्रतिष्पर्धा गर्ने गरी मनोबल वृद्धि भएको धारणा व्यवसायीहरूले व्यक्त गरेका थिए । त्यसका साथै व्यवसायीहरूले कम व्याजदरमा ऋण पाउनु पर्ने, करको दायरा खुकुलो पारिनु पर्ने र उत्पादन अरू बढाउन आवश्यक पर्ने कच्चा पदार्थ एवं हिमाली क्षेत्रबाट राजधानी सम्म ल्याउन ढुवानीमा अनावश्यक दुख र झन्झट नहुने वातावरणको व्यवस्था गरिदिन सरकार संग आग्रह गरेका थिए । सरकारको तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्दता माननीय पशुपन्छी विकास मन्त्री, श्री शान्ता मानवी ज्यू, माननीय पशुपन्छी विकास राज्य मन्त्री, नरदेवी पुन एवं डा. कृष्णचन्द्र पौडेल, (सचिब, पशुपन्छी विकास मन्त्रालय) ले व्यक्त गर्नु भएको थियो ।



यस मेलाका कारण हिमाली क्षेत्रमा व्यवसायिक वातावरण सिर्जना भई सो क्षेत्रका व्यवसायीहरू थप लगानी गर्न उत्साही भएका छन् । मेलामा उपभोक्ताहरूको धारणा बुझ्दा हिमाली क्षेत्रमा उत्पादित गुणस्तरीय, पोषणयुक्त, स्थानीय उत्पादन उपभोग गर्न पाउनु राजधानीबासीकालागि खुसीको कुरा भएकोले काठमाडौँमा एउटा हिमाली कर्नर हुनुपर्ने र नियमित रूपमा हिमाली क्षेत्रका वस्तुहरू उपभोग गर्न पाउनु पर्ने उपभोक्ताहरूको माग बमोजिम सबै क्षेत्रका व्यवसायिहरू संलग्न भई काठमाडौँमा हिमाली कर्नर स्थापना गर्न लागिपरेका छन् ।

## सोलुखुम्वुमा ADB Mission सम्पन्न

मिति २०७३ साल बैशाख ९ गते देखि १५ गते सम्म सोलुखुम्वु जिल्लामा भएको ADB Mission मा ADB को तर्फवाट Mission टखोलीमा Senior Program Officer श्री अरूण राणा र कार्यक्रम विश्लेषक, श्री राजन आचार्य हुनुहुन्थ्यो भने आयोजनाको तर्फवाट आयोजना निर्देशक, डा. विमल कुमार निर्मल, राष्ट्रिय टोली प्रमुख, श्री दलराम प्रधान, अनुगमन तथा मूल्यांकन विज्ञ, श्री पद्म वहादुर शाक्य, प.चि. श्री गोपीकृष्ण सेढाई, जि.कृ.व्य. विज्ञ श्री संजीब महर्जन , District Monitoring Coordinator (DMC) श्री दावा तेन्जी लामा, District Agribusiness Monitor

वांकी पेज २ मा....

## सल्लाहकार

**डा. विमल कुमार निर्मल**
*आयोजना निर्देशक*

**दलराम प्रधान**
*राष्ट्रिय टोली प्रमुख*

**राममणी पौडेल**
*टोली नेता AEC/हिमाली*

## सम्पादक मण्डल

**पद्म बहादुर शाक्य**
*अनुगमन तथा मूल्याकंन विज्ञ*

**कमल पौडेल**
*सूचना तथा सञ्चार अधिकृत*

**सुक बहादुर नेपाली**
*पशु चिकित्सक*

## सहयोगी

**राजेश चौधरी**
*कम्प्यूटर अपरेटर*

## प्रकाशकीय/सम्पादकीय



कृषि व्यवसाय प्रवर्द्धन तथा जीविकोपार्जनमा सहयोग पुऱ्याउने उद्देश्यले संचालित हिमाली आयोजना लगभग अन्तिम वर्षमा प्रवेश गरी सकेको छ । यस आयोजनाले लगानी गरेको अनुदानको प्रतिफल प्राप्त हुने समय आउनै लागेको छ । कृषक, व्यवसायीकै लगानीबाट कार्य सम्पन्न भए पश्चात रकम भुक्तानी दिने व्यवस्था कायम नै रहको छ, यस अर्थमा आगामी दिनहरूमा अनुगमनको आधारमा भुक्तानी कामलाई अझ तिव्रता दिनु पर्ने हुन्छ । आयोजना कार्यान्वयन हालसम्म अत्यन्त सफल रहे पनि अनुदान शीर्षकमा विनियोजित बजेटको तुलनामा अनुदान माग गरी प्राप्त हुने व्यवसाय योजनाहरू बढी हुनु, आयोजनाको बाँकी अवधि कम भएको तर प्रवाह गर्न बाँकी अनुदान रकम बढी भएको तथा अनुदान सम्झौता भएका उप-आयोजनाहरू प्रस्ताव गरिए अनुरूप सम्पन्न हुन समय अपुग हुनु जस्ता चुनौतीहरू आयोजनाले सामना गर्नुपरेको छ ।

हिमाली आयोजनाको निर्देशकको रूपमा मेरो पदवहाली भए पश्चात हिमाली कृषि सन्देशको यो प्रथम अंक हुनेछ । यस अघि सरकारी सेवाबाट अवकाश हुनु भएका डा. अमर बहादुर शाह ज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु, उहाँको परिश्रम एवं प्रयासले हिमाली आयोजना सफल आयोजनाको रूपमा परिचित भएको छ । हिमाली आयोजनाको सफलतालाई थप दिगो रूपमा स्थापित गर्न एवं हिमालका जम्मै जिल्लाहरूलाई यस आयोजनामा समेट्ने गरी हिमाली-२ आयोजना तर्जुमा गरी लागु गर्ने प्रयास हुनेछ, यस कार्यमा यस आयोजनासित आबद्ध सम्पूर्ण व्यवसायी ज्यूहरू, सरोकारवालाहरू लगायतको सहयोगको अपेक्षा राख्छौं । धन्यवाद ।

**डा. विमल कुमार निर्मल**
**आयोजना निर्देशक**

## सोलुखुम्वुमा ADB...

(DAM) श्री तुलसा आले हुनुहुन्थ्यो साथै जि.कृ.वि.का., सोलुखुम्बुका व.कृ.वि.अ. डा. हस्त वहादुर विष्ट र उ.वा. संघ सोलुखुम्वुका सचिव श्री तार्देन शेर्पा पनि Mission मा सहभागी हुनुभएको थियो ।



Mission को क्रममा मिति २०७३।१।१० गतेको दिन जिल्ला आयोजना समन्वयकर्ताको कार्यालय, सोलुखुम्बु स्थित जिल्ला कृषि विकास कार्यालयमा हिमाली आयोजनासंग सम्वन्धित कार्यालयहरू जि.प.से.का., जि.कृ.वि.का., जिल्ला वन कार्यालय, जिल्ला घरेलु विकास समिति, उ.वा. संघ, सोलुखुम्बु, व्यवसायी कृषक आदि सरोकारवालाहरू संग अन्तरकृया तथा हिमाली आयोजनाको सोलुखुम्बु जिल्लामा संचालित उप-आयोजनाको वस्तुस्थिति सम्वन्धमा छलफल गरिएको थियो । जिल्लाको वस्तुस्थिति सम्बन्धमा जिल्ला आयोजना समन्वयकर्ता एवं जि.कृ.वि.का. सोलुका कार्यालय प्रमुख श्री हस्त वहादुर विष्टले प्रस्तुत गर्नु भएको थियो ।

सोही क्रममा टोलीद्वारा मिति २०७३।१।११ गते सोलुखुम्वु जिल्लमा संचालित उप-आयोजनाहरूको स्थलगत अनुगमन कार्य भएको थियो । जस अन्तर्गत सर्वप्रथम गार्मा-७ स्थित लमु शेर्पाले संचालन गरेको पि.टि.एल. गाई फार्म (योजना कोड ०२-०४३) ले संचालन गरेको गाईपालन व्यवसायको अनुगमन गऱ्यो । क्रमश दुधकुण्ड न.पा.-८ स्थित सि.वि.एल. बाख्रा फार्म (योजना कोड ०२-०४६) ले संचालन गरेको बाख्रापालन व्यवसाय, बेनी गा.वि.स वडा नं. ५ स्थित वाङ्चु शेर्पाले संचालन गरेको फुङमोचे नेपाली कागज उद्योग (योजना कोड ०२-०४२) ले संचालन गरेको नेपाली हाते कागज उद्योग, दूधकुण्ड न.पा.-२ स्थित नाजिङ महिला पुरूष तरकारी खेती व्यवसाय (योजना कोड ०२-०५१), नाजिङ महिला पुरूष तरकारी खेती व्यवसायको अनुगमन गरि वेनी-६ स्थित नेपाल माउन्टेन हर्वस प्रा.लि. (०२-०४५) ले संचालन् गरेको किवी खेती, सोही गा.वि.स. स्थित भाइराज नेवारले संचालन गरेको रेन्वोट्राउट माछापालन व्यवसाय, सल्लेरी-२ स्थित फिन्जो लामाले संचालन गरेको दूधकुण्ड गाई फार्म (योजना कोड ०२-०४७) गाईपालन व्यवसाय र दूधकुण्ड न.पा.-४ स्थित निमा गेल्वु लामाले संचालन गरेको एभरेस्ट चिराइतो फार्म (योजना कोड ०२-०४४) को अनुगमन कार्य सम्पन्न गरेको थियो ।





# व्यवसाय योजना मूल्यांकन स्थिति

२०७३ साल असार मसान्तसम्मको आयोजनामा प्राप्त व्यवसाय योजनाको संख्या तथा व्यवसाय योजना मूल्यांकन तथा अनुदान सम्झौताको अवस्था यस प्रकार रहेको छ :





| जिल्ला | प्राप्त व्यवसाय योजना | मूल्यांकन भएको | मूल्यांकन हुन बाँकी | सम्झौता प्रक्रियामा | निर्णय प्रक्रियामा | अस्वीकृत | अनुदान सम्झौता सम्पन्न |
|---|---|---|---|---|---|---|---|
| संखुवासभा (०१) | १५२ | ७० | ८२ | १ | ३ | १८ | ४८ |
| सोलुखुम्बु (०२) | २०५ | ८१ | १२४ | २ | ५ | २८ | ४६ |
| दोलखा (०३) | ३९७ | २३० | १६७ | २३ | १० | ६२ | १३५ |
| रसुवा (०४) | ३०२ | ११९ | १८३ | १ | ० | ४८ | ७० |
| मनाङ (०५) | ११५ | ६७ | ४८ | ० | ० | ४१ | २६ |
| मुस्ताङ (०६) | १०० | ६६ | ३४ | ० | ० | २८ | ३८ |
| डोल्पा (०७) | २६० | १४८ | ११२ | ० | ० | ७५ | ७३ |
| जुम्ला (०८) | २५३ | १३९ | ११४ | ४ | २ | ६९ | ६४ |
| मुगु (०९) | २९६ | ८८ | २०८ | ० | २ | ४१ | ४५ |
| हुम्ला (१०) | ३३६ | १३० | २०६ | ० | २ | ६० | ६८ |
| क्षेत्रिय | २६ | २६ | ० | ० | २ | २२ | २ |
| जम्मा : | २४४२ | ११६४ | १२७८ | ३१ | २६ | ४९२ | ६१५ |





# अनुदान सम्झौता भएका उप-आयोजना विवरण (गताङ्कवाट क्रमस:)

असार २०७३ सम्म अनुदान सम्झौता भएका थप व्यवसाय योजनाहरूको विवरण यस प्रकार छ :

| क्र.स. | जिल्ला | आयोजना कोड | व्यवसाय योजना/ उद्देश्य | प्रस्तावक व्यक्ति/संस्था र सम्पर्क | सम्झौता मिति | व्यवसायको लगानी (रू.) | | | भूक्तानी (रू.) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कूल | अनुदान | स्वलगानी | |
| ४१० | संखुवासभा | ०१-०५० | बंगुर पालन | बाल कुमार राई, साखेवा बंगुर फार्म, दिदिङ -०२ | १७/१२/२०७१ | १,१६३,०५९ | ९३०,४४७ | २३२,६१२ | - |
| ४११ | संखुवासभा | ०१-०५१ | चिराईतो खेती | लाक्पा शेर्पा, आङनिमा जडिबुटी उत्पादन तथा खरिद बिक्री केन्द्र, पाथीभरा -०७ | २३/१२/२०७२ | ८८५,२२० | ७०८,१७६ | १७७,०४४ | - |
| ४१२ | संखुवासभा | ०१-०५२ | चिराईतो खेती | रूद्र बहादुर राई, एकुवा पाथीभरा चिराईतो उत्पादन केन्द्र, पाथीभरा -०१ | २३/१२/२०७२ | १,३७०,७०३ | १,०९६,५६२ | २७४,१४० | ६६,८०० |
| ४१३ | संखुवासभा | ०१-०६२ | बाख्रा पालन | डम्बर कुमारी बस्नेत, गुप्तेश्वर बाख्रा पालन महिला समूह उद्योग, वाना -०९ | २९/१२/२०७२ | १,३६८,९०८ | ६८४,४५४ | ६८४,४५४ | - |
| ४१४ | संखुवासभा | ०१-०६१ | सुन्तला खेती | रमेश राई, रन्जना व्यवसायिक सुन्तला फार्म, सित्तलपाटी -०६ | ३०/१२/२०७२ | ५४८,००० | २७४,००० | २७४,००० | ८९६,७८४ |
| ४१५ | संखुवासभा | ०१-०४३ | बाख्रा पालन | भिम कुमार राई, थुम्सिङटार बाख्रा पालन उद्योग, वाना -०३ | ०८/०१/२०७३ | १,०७६,१३१ | ५३८,०६६ | ५३८,०६६ | - |
| ४१६ | संखुवासभा | ०१-०८३ | भेडा पालन | तुल बहादुर गुरूङ, दुर्गा भेडा फर्म, मत्स्यपोखरी -०४ | ०९/०१/२०७३ | ५५९,५०० | ४४७,६०० | १११,९०० | - |
| ४१७ | संखुवासभा | ०१-०५९ | बंगुर पालन | दिप्रेन्द्र राई, लाहरूङ्ग कृषि फर्म, खाँदबारी -०१ | २०/०२/२०७३ | ६१८,३६० | ३०९,१८० | ३०९,१८० | - |
| ४१८ | संखुवासभा | ०१-०६० | अलैंची नर्सरी स्थापना | छेदपटके भोटे, कुसुम अलैची नर्सरी फार्म, हटिया -०४ | १४/०३/२०७३ | ६६७,१७९ | ५३३,७४३ | १३३,४३६ | - |
| ४१९ | संखुवासभा | ०१-०४२ | अगरबत्ती धुप उत्पादन | धनमाया श्रेष्ठ, सुनाखरी अगरबत्ती उद्योग, आँखीभुई -०६ | २७/०३/२०७३ | २,०७०,४१८ | १,०३५,२०९ | १,०३५,२०९ | १,३८६,४८५ |
| ४२० | सोलुखुम्बु | ०२-०८७ | बाख्रा पालन | डम्बर राई, जलेश्वरी बाख्रा पालन फर्म, वाकु - ०१ | २८/१२/२०७२ | ९४६,७६४ | ४७३,३८२ | ४७३,३८२ | - |
| ४२१ | सोलुखुम्बु | ०२-०७८ | चिराईतो उत्पादन | थुतोप दोर्जे शेर्पा, दिमेल जडिबुटी उत्पादन फर्म, टाप्टीङ - ०९ | ०६/०१/२०७३ | ५१३,७५० | ४११,००० | १०२,७५० | - |
| ४२२ | सोलुखुम्बु | ०२-०९१ | अदुवा खेती | सुरेन्द्र कुमार राई, चाचालुङ अदुवा उत्पादन केन्द्र, गुदेल - ०७ | ०६/०१/२०७३ | ४५०,००० | ३६०,००० | ९०,००० | - |
| ४२३ | सोलुखुम्बु | ०२-१०२ | चिराईतो उत्पादन | राज कुमार गुरूङ, राज जडिबुटी उत्पादन उद्योग, केरूङ - ०८ | ०६/०१/२०७३ | ३९२,००० | ३१३,६०० | ७८,४०० | - |
| ४२४ | सोलुखुम्बु | ०२-११६ | किवी उत्पादन | कान्छी लामा, सि. जी. कृषि फार्म, दुधकुण्ड -०१ | ०६/०१/२०७३ | १,०६६,०६४ | ८५२,८५२ | २१३,२१३ | - |
| ४२५ | सोलुखुम्बु | ०२-११७ | किवी उत्पादन | दोमे लामा शेर्पा, डि. एल. कृषि फर्म, दुधकुण्ड -०१ | ०६/०१/२०७३ | १,०९२,०६४ | ८७३,६५२ | २१८,४१३ | - |
| ४२६ | सोलुखुम्बु | ०२-०५२ | तरकारी खेती | बिष्णु कुमार राई, शेरो बेमौषमी तरकारी उत्पादन केन्द्र, केरूङ - ०८ | ०७/०१/२०७३ | ६५३,५०० | ३२६,७५० | ३२६,७५० | - |
| ४२७ | सोलुखुम्बु | ०२-०५५ | चिराईतो उत्पादन | छिरिङ लाक्पा शेर्पा, खोरिया चिराईतो जडिबुटी उत्पादन केन्द्र, दुधकुण्ड -०६ | ०७/०१/२०७३ | ४४८,५०० | ३५८,८०० | ८९,७०० | - |
| ४२८ | सोलुखुम्बु | ०२-०७७ | चौरी पालन | जाङमु शेर्पा, हिमाल चुली चौरी पालन फर्म, दुधकुण्ड -०३ | ०७/०१/२०७३ | १,०११,८०० | ८०९,४४० | २०२,३६० | ८०९,४४० |
| ४२९ | सोलुखुम्बु | ०२-०७९ | चिराईतो उत्पादन | गंगा देवी निरौला, तुलगंगा चिराईतो उद्योग, पंचन - ०४ | ०७/०१/२०७३ | ७८५,०४४ | ६२८,०३५ | १५७,००९ | - |
| ४३० | सोलुखुम्बु | ०२-०८१ | किवी उत्पादन | लिला चतुर राई, सिलिचो कृषि फर्म, छेस्काम - ०२ | ०७/०१/२०७३ | १,०६०,०६४ | ८४८,०५२ | २१२,०१३ | - |
| ४३१ | सोलुखुम्बु | ०२-०८३ | तरकारी खेती | निरू राना मगर, सोलुखुम्बु कृषि फर्म, दुधकुण्ड -०८ | ०७/०१/२०७३ | ९१६,१०० | ७३२,८८० | १८३,२२० | - |
| ४३२ | सोलुखुम्बु | ०२-०८४ | किवी उत्पादन | सर्की शेर्पा, माउन्ट एभरेष्ट कृषि फर्म, दुधकुण्ड -०६ | ०७/०१/२०७३ | १,०५३,३१४ | ८४२,६५२ | २१०,६६३ | - |
| ४३३ | सोलुखुम्बु | ०२-०८५ | बाख्रा पालन | प्रभु बस्नेत, नागराज बाख्रा पालन फर्म, भकाञ्जे - ०९ | ०७/०१/२०७३ | १,३२८,१६५ | १,०६२,५३२ | २६५,६३३ | - |
| ४३४ | सोलुखुम्बु | ०२-०८६ | बाख्रा पालन | आङ ङवाङ शेर्पा, लामजुरा पशु फर्म, भकाञ्जे - ०४ | ०७/०१/२०७३ | १,२२५,६६५ | ९८०,५३२ | २४५,१३३ | - |
| ४३५ | सोलुखुम्बु | ०२-१०३ | चिराईतो उत्पादन | ङिमा ओङडा लामा, लामा जडिबुटी फार्म, दुधकुण्ड -०३ | ०७/०१/२०७३ | ४२५,२५० | ३४०,२०० | ८५,०५० | - |
| ४३६ | सोलुखुम्बु | ०२-१०४ | तरकारी खेती | सागर किराती, अनुपम कृषि फर्म, दुधकुण्ड -०६ | ०७/०१/२०७३ | ६४४,४०० | ५१५,५२० | १२८,८८० | - |
| ४३७ | सोलुखुम्बु | ०२-११८ | चौरी पालन | फुर्बा शेर्पा, हिमाली चौरी पालन फर्म, दुधकुण्ड -०६ | ०७/०१/२०७३ | १,०१३,८०० | ८११,०४० | २०२,७६० | ७७२,८०० |
| ४३८ | सोलुखुम्बु | ०२-१२० | सतुवा खेती | सोनाम शेर्पा, एस. एस. जडिबुटी फर्म, दुधकुण्ड -०२ | १६/०१/२०७३ | ७८३,३६५ | ६२६,६९२ | १५६,६७३ | - |
| ४४० | सोलुखुम्बु | ०२-१०३ | चिराईतो खेती | पेम्बा छोङवी शेर्पा, डोक्पा चिराईतो फार्म, जुभिङ - ०१ | १२/०२/२०७३ | ३९१,५०० | ३१३,२०० | ७८,३०० | - |
| ४४१ | दोलखा | ०३-२१८ | किवी उत्पादन | भेष बहादुर खड्का, चेँदुङ अर्गानिक कृषि फर्म, जिरी -०६ | २३/१२/२०७२ | १,३६१,९४६ | १,०८९,५५७ | २७२,३८९ | - |
| ४४२ | दोलखा | ०३-२२४ | बंगुर पालन | लाक्पा शेर्पा, शेर्पा शेर्पीनी बंगुर फार्म, श्यामा -०८ | २८/१२/२०७२ | ६६०,४३२ | ५२५,९३३ | १३४,५०० | - |
| ४४३ | दोलखा | ०३-२२६ | बंगुर पालन | हर्क बहादुर श्रेष्ठ, हिमाली बंगुर फार्म, लाकुरीडाँडा -०७ | २९/१२/२०७२ | १,५३३,०८७ | १,२२०,७५३ | ३१२,३३४ | - |
| ४४४ | दोलखा | ०३-२३३ | बाख्रा पालन | टिका बहादुर खड्का, कालिञ्चोक बाख्रा फार्म, फस्कु -०९ | २९/१२/२०७२ | १,३३२,०१५ | १,०६५,६१२ | २६६,४०३ | - |
| ४४५ | दोलखा | ०३-१८७ | चौरी उत्पादन | पासाङ शेर्पा, शेर्वालिङ काऊ फर्म, विगु -०६ | ३०/१२/२०७२ | १,२०९,२२७ | ९६७,३८१ | २४१,८४५ | - |
| ४४६ | दोलखा | ०३-२१६ | टमाटर खेती | सन्तोष खुलाल, भीमेश्वर कृषि फर्म, भीमेश्वर -०२ | ३०/१२/२०७२ | १,१०९,२२७ | ८८७,३८१ | २२१,८४५ | - |
| ४४७ | दोलखा | ०३-२४० | बंगुर पालन | रेशम राजस्वराज रिमाल, डाफन नेपाल प्रा. लि., भीमेश्वर -१३ | ०५/०१/२०७३ | ६,१०५,९७९ | ४,६४१,८०४ | १,४६४,१७४ | - |
| ४४८ | दोलखा | ०३-२५६ | बाख्रा पालन | राम प्रसाद शिवाकोटी, एकिकृत समर्पण कृषि तथा पशु उत्पादन फर्म, पवटी -०५ | ०६/०१/२०७३ | १,६९५,५२८ | १,३५६,४२३ | ३३९,१०६ | - |
| ४४९ | दोलखा | ०३-२१७ | बाख्रा पालन | सुन्दर बहादुर थापा, फुलबारी बाख्रा पालन फर्म, भीमेश्वर -१० | ०९/०१/२०७३ | १,३६२,०९५ | १,०८९,६७६ | २७२,४१९ | - |
| ४५० | दोलखा | ०३-१६१ | गाई पालन | निम छिरिङ तमाङ, जुनतारा गाई फार्म, कालिञ्चोक -०८ | १५/०१/२०७३ | १,४२१,५१२ | १,१३७,२१० | २८४,३०२ | - |

वांकी अर्को अंकमा.....









# तेस्रो चौमासिक प्रमुख गतिविधि : २०७२/७३

## पृष्ठपोषण गोष्ठी सम्पन्न

आयोजनासँग सम्बद्ध जिल्ला स्तरका सरोकारवाला र व्यवसायीहरूसँग प्रत्यक्ष सम्पर्क गर्ने र आयोजना कार्यान्वयनमा देखा परेका चुनौती र अप्ठेराहरू पहिचान गरी सुधार गर्ने माध्यमको रूपमा आयोजनाले बार्षिकरूपमा प्रत्येक जिल्लामा कम्तीमा पनि एक पटक यस्ता गोष्ठीहरू आयोजना गर्ने गरेको छ ।

### सोलुखुम्बु

सोलुखुम्बु जिल्लामा आयोजना समिक्षा तथा पृष्ठपोषण गोष्ठी मिति २०७३।०१।१३ गते सोलुखुम्बु जिल्लाका माननीय सभासद श्री बल बहादुर के.सी. ज्यूको प्रमुख आतिथ्यता र जिल्ला प्रशासन कार्यालय, सोलुखुम्बुका प्र.जि.अ. श्री कृष्ण प्रसाद शर्मा ज्यूको अध्यक्षतामा शुरू भएको थियो । उक्त गोष्ठी जिल्ला कृषि विकास कार्यालय, सोलुखुम्बुको सभाकक्षमा संचालन गरिएको थियो भने कार्यक्रम संचालन हिमाली आयोजना, सोलुखुम्बुका जिल्ला कृषि व्यवसाय विज्ञ श्री दावा तेन्जी लामाले गर्नु भएको थियो ।




गोष्ठीमा विशेष अतिथिको रूपमा आयोजनाका निर्देशक एवं पशु सेवा विभागका उप-महानिर्देशक डा. विमल कुमार निर्मल ज्यू रहनु भएको थियो । अतिथिहरूमा हिमाली आयोजनाका राष्ट्रिय टोली प्रमुख श्री दलराम प्रधान, अनुगमन तथा मूल्यांकन विज्ञ श्री पद्म वहादुर शाक्य, उद्योग वाणिज्य संघ, सोलुखुम्बुका सचिव श्री तार्देन शेर्पा तथा अन्य अतिथिहरूमा सोलुखुम्बु जिल्लाका विभन्न राजनितिक दलका प्रतिनिधिहरू उपस्थित हुनु भएको थियो । कुल ७४ जनाको उपस्थिति रहेको उक्त गोष्ठीमा कार्यान्वयनमा आएका उप-आयोजनाहरूका व्यवसायी, जिल्लास्थित सरोकारवालाहरू, राजनैतिक दलका प्रमुखा तथा प्रतिनिधीहरू र विभिन्न कार्यालयका अधिकृतहरूको सहभागिता रहेको थियो । गोष्ठीको उद्घाटन गोष्ठीका अध्यक्ष एवं प्र.जि.अ. श्री कृष्ण प्रसाद शर्माज्यूले गर्नु भएको थियो ।

कार्यक्रममा जिल्ला आयोजना समन्वयकर्ता एवं जि.कृ.वि.का. सोलुखुम्बुका प्रमुख ब.कृ.वि.अ. श्री हस्त वहादुर विष्ठले हिमाली आयोजना अन्तर्गत सोलुखुम्बु जिल्लामा संचालित विभिन्न उप-आयोजनाहरूको वस्तुस्थिति झल्कने गरी प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । कार्यक्रमका प्रमुख अतिथिको कार्य व्यवस्तताको कारण जिल्ला आयोजना समन्वयकर्ताको प्रस्तुती पश्चात माननीय सभासद श्री बल वहादुर के.सी.ले आफ्नो मन्तव्य राख्नु भएको थियो ।

प्रतिवेदन प्रस्तुत गर्ने क्रममा हिमाली आयोजनाको केन्द्रको तर्फवाट हिमाली आयोजनाका राष्ट्रिय टोली प्रमुख श्री दलराम प्रधान ज्यूले हिमाली आयोजनाको दशै जिल्लाको हाल सम्मको वस्तुस्थितिको वारेमा प्रस्तुतीकरण गर्नु भएको थियो ।

गोष्ठीमा अन्य विभिन्न राजनितिक दलका प्रतिनिधिहरूले मन्तव्य राख्नु भएको थियो भने सवैजसो को भनाईमा हिमाली आयोजनालाई निरन्तरता दिनु पर्ने धारणा रहेको थियो ।

व्यवसायी कृषकहरूको तर्फवाट दूधकुण्ड दुध उत्पादन फार्म, सल्लेरी, सोलुखुम्बुका श्री फिन्जो लामाले मन्तव्य राख्नु भएको थियो ।

मन्तव्यकै क्रममा हिमाली आयोजनाका आयोजना निर्देशक डा. विमल कुमार निर्मलले आफ्नो सोलुखुम्बु जिल्लाको पहिलो भ्रमण रहेको वताउनु हुँदै यो जिल्ला पशुपालनको लागि अतिनै सुहाउदो र सम्भावना रहेको जिल्ला आफुले पाएको वताउनु भयो भने हिमाली आयोजनाको अनुदान सहयोगमा संचालित उप-आयोजनाहरूलाई सुचारू रूपले संचालनमा ल्याईरहन जिल्लावाट नियमित अनुगमन गर्नु पर्ने भएको हुँदा अनुगमनको कार्य तालिका वनाई पेश गर्न जिल्ला आयोजना समन्वयकर्तालाई निर्देशन समेत दिनु भएको थियो ।

अन्तमा गोष्ठीका अध्यक्ष एवं प्रमुख जिल्ल अधिकारी ज्यूले आफ्नो मन्तव्य सहित कार्यक्रमको समापन गर्नु भएको थियो ।

### रसुवा

रसुवा जिल्लामा समिक्षा तथा पृष्ठपोषण गोष्ठी मिति २०७२।०३।११ गते ५५ जना सहभागीका साथ धुन्चे स्थित होटल हिमालय लिजेण्डको सेमिनार हलमा भएको गोष्ठीको अध्यक्षता जिल्ला विकास समिति रसुवाका नि.स्था.वि.अ. श्री उर्मिला काफ्लेले गर्नु भएको थियो भने गोष्ठीको प्रमुख आतिथ्यताको ग्रहण प्रमुख जिल्ला अधिकारी श्री कृष्ण प्रसाद अधिकारीले गर्नुभएको थियो । हिमाली आयोजनाका प.चि. श्री गोपीकृष्ण सेढाईले गोष्ठी संचालन गर्नु भएको थियो जसमा सहभागीहरूलाई स्वागत गर्ने कार्य जिल्ला पशु सेवा कार्यालय, रसुवाका प.चि. डा. लुना गंगोलले गर्नु भएको थियो । गोष्ठीमा सहयोगीको रूपमा हिमाली आयोजना, रसुवाका का.स. श्रीमती मिङमारमो घले रहनु भएको थियो ।

हिमाली आयोजना अन्तर्गत रसुवा जिल्लामा संचालित विभिन्न उप-आयोजनाहरूको वस्तुस्थितीको विषयमा जिल्ला आयोजना समन्वयकर्ताको कार्यालय जिल्ला पशु सेवा कार्यालय, रसुवाका कार्यालय प्रमुख डा. डिल्लीराम सेढाईले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने समग्र हिमाली आयोजनाको वस्तुस्थितीको विषयमा हिमाली आयोजनाका राष्ट्रिय टोली नेता श्री दलराम प्रधानले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

गोष्ठीमा प्रस्तुत प्रतिवेदन माथी जिल्ला कृषि विकास कार्यालय रसुवाका कार्यालय प्रमुख श्री रमेश हुमागाई र योजना अधिकृत श्री मदन रेग्मीले टिप्पणी गर्नु भएको थियो । सहभागीहरूको तर्फवाट व्यवसायी श्री मिङमार तामाङले आफ्नो मन्तव्य दिनु भएको थियो । अन्तमा जिल्ला कृषि विकास कार्यालय रसुवाका का.प्र. श्री रमेश हुमागाईले सहभागीहरूलाई धन्यवाद दिनु भयो भने गोष्ठीका अध्यक्ष श्री उर्मिला काफ्लेले आफ्नो मन्तव्य सहित गोष्ठीको समापन गर्नु भएको थियो ।



## तालीम

### स्वच्छ दुध उत्पादन तथा दुग्ध पदार्थ विविधीकरण तालीम

आयोजनाको कार्यक्षेत्रका उच्च पहाडी जिल्लाका दुग्ध व्यवसायी र सम्वन्धित जिल्ला पशु सेवा कार्यालयका प्राविधिकलाई लक्षित गरिएको दुध सम्वन्धिको तालीम स्वच्छ दुध उत्पादन तथा दुग्ध पदार्थ विविधीकरण बिषयमा आयोजनाले पशु विकास फार्म पोखराको प्राविधिक सहयोगमा मिति २०७३ जेठ १२ देखि १७ (६ कार्य दिन) सम्म पशु विकास फार्म पोखराको तालीम हलमा सम्पन्न गरेको छ । उक्त तालीममा ६ जिल्ला (मुस्ताङ, हुम्ला, जुम्ला, मुगु, संखुवासभा र सोलुखुम्बु) बाट जम्मा १६ जना (५ जना प्रा.स/ना.प्रा.स स्तरका प्राविधिक र बाँकी ११ जना दुध ब्यवसायी) सहभागी भएका थिए ।



हिमाली आयोजनाका प्राविधिक सहायक श्री गणेश बहादुर थापाको संयोजक भूमीका रहेको सो तालीममा प्राविधिक सहयोगी संस्थाबाट पशु विकास अधिकृत श्री सोम बहादुर गुरुङ्ले प्राविधिक संयोजकको भूमीका निर्बाह गर्नुभएको थियो । दुग्ध व्यवसायी तथा प्राविधिकहरूमा व्यवसायीक क्षमता अभिवृद्धि गर्ने मुख्य उद्देश्य रहेको यो तालीममा स्वच्छ दुध उत्पादन तथा दुग्ध पदार्थ विविधीकरणका बिभिन्न आयामहरूसंग सहभागीको प्रत्यक्ष पहुँच पुऱ्याउने, मानिस स्वस्थ्यमा स्वच्छ दुधको आवश्यकता, दुध जन्य पदार्थको उत्पादन तथा बजारीकरणबारे व्यवसायी/प्राविधिकहरूमा व्यवहारिक सिप विकास गर्ने जस्ता बिभिन्न उद्देश्य राखिएको यस तालीममा सोही उद्देश्यका आधारमा पशु विकास फार्म पोखराबाट तयार गरीएको पाठ्यक्रमका आधारमा तालीम संचालन गरिएको थियो । ६ दिने तालीममा जम्मा ११ जना प्रशिक्षकबाट २४ ओटा प्रशिक्षण कक्षा संचालन गरिएको थियो ।

सहभागीको तर्फबाट पुरूष १, महिला १ गरी २ जना र प्राविधिक सहयोगी संस्थाको तर्फबाट १ गरी जम्मा ३ जनाको मन्तब्य रहेको यस तालीममा आयोजनाको संक्षिप्त जानकारी गराउदै आयोजक संस्थाका पशु चिकित्सक श्री सुक बहादुर नेपालीको समापन मन्तब्यबाट तालीम समापन तथा सम्पन्न भएको थियो ।

### ट्राउट माछा पालन तालीम

आयोजना कार्यक्षेत्र अन्तर्गत जिल्लाका ट्राउट माछा व्यवसायी र सम्वन्धित जिल्ला कृषि विकास कार्यालयका सहायक स्तरका प्राविधिकहरूका लागि लक्षित गरिएको ट्राउट माछा सम्वन्धिको तालीम ट्राउट माछा पालन विषयमा गण्डकी रेन्बो ट्राउट फार्ममा मिति २०७३ असार ०४ बाट शुरू गरी असार १० गते पोखरामा सम्पन्न भएको छ । तालीममा ५ जिल्ला (मुस्ताङ्, मनाङ्, रसुवा, दोलखा र सोलुखुम्बु) बाट जम्मा १३ जना (३ महिला १० पुरूष) मध्ये ४ जना प्रा.स/ना.प्रा.स स्तरका प्राविधिक र ९ जना ट्राउट व्यवासायी सहभागी भएका थिए । हिमाली आयोजनाका प्राविधिक सहायक श्री गणेश बहादुर थापाको संयोजक तथा मत्स्य विकास निर्देशनालय बालाजुका पूर्व निर्देशक श्री रमानन्द मिश्रको प्रशिक्षण संयोजकको भूमीका रहेको सो तालीमको मुख्य उद्देश्य ट्राउट माछा व्यवसायी तथा प्राविधिकहरूमा व्यवसायीक क्षमता अभिवृद्धि गर्ने रहेको थियो ।




माछा तथा ट्राउट माछा पालन प्रविधिमा आधारित ६ दिने तालीममा १२ वटा सैदान्तिक, १० वटा प्रयोगात्मक र २ वटा अनौपचारीक गरी जम्मा २४ वटा प्रशिक्षण कक्षा संचालन भएको थियो । तालीमका सहभागीहरूलाई निम्न विषयहरूमा कक्षाहरू सन्चालन गरिएको थियो । विषयहरू: मत्स्य पालनको चिनारी तथा रेन्बो ट्राउट माछा पालन, रेन्बो ट्राउट माछाका शारीरिक बनौट एवं विशेषता, रेन्बो ट्राउट माछाका बाहिरी तथा भित्री अंगको पहिचान, रेशवे निर्माण एवं डिजाईन, ट्राउट माछाका लागि उपयुक्त स्थान तथा सम्भाब्यता, ट्राउट माछाका लागि पानीको आवश्यकता निर्धारण, रेन्बो ट्राउट माछा पालन प्रविधि, ट्राउट माछाका लागि आवश्यक दाना व्यवस्थापन र दाना बनाउने तरीका, रेन्बो ट्राउट माछाको प्रजनन व्यवस्थापन तथा प्रजनन प्रविधि ह्याचरी व्यवस्थापन तथा ह्याचरीका लागि आवश्यक सामाग्री, भुराको नर्सरी व्यवस्थापन, मत्स्य स्वास्थ्य व्यवस्थापन, ट्राउट माछामा लाग्ने रोग, परजीवि तथा रोकथामका उपायहरू, ट्राउट माछाका लागि पानीको गुणस्तर, पानीको गुणस्तर व्यवस्थापन, ट्राउट माछाको ढुवानी, भण्डारण तथा बजारिकरण व्यवस्थापन, रेन्बो ट्राउट माछाको उत्पादन व्यवस्थापन र रेन्बो ट्राउट माछा उत्पादनको आर्थिक विश्लेषण ।

तालीम संयोजकबाट समापन कार्यक्रममा सहभागीलाई प्रमाणपत्र बाड्ने कार्यक्रम भएको थियो । सहभागीको तर्फबाट पुरूष १, महिला १ र तालीम प्रशिक्षक संयोजक गरी ३ जनाको मन्तब्य रहेको थियो ।

अन्तमा आयोजनाका कर्मचारी तथा यस तालीमका संयोजक गणेश बहादुर थापा ज्यूबाट हिमाली आयोजनाको संक्षिप्त जानकारी र यस तालीमबाट आयोजनाले गरेको अपेक्षा सहितको मन्तब्य संगै तालीम समापन तथा सम्पन्न गरिएको थियो ।

### जडिबुटी सम्वन्धि तालीम

उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार (हिमाली) आयोजनाको आर्थिक तथा प्राविधिक सहयोगमा तेस्रो चौमासिक कार्यक्रम अनुसार जडिबुटी सम्वन्धि तालीम मिति २०७३/०३/०५ देखि २०७३/०३/१० सम्म सन्चालन भएको थियो । सो तालीममा दोलखा, सोलुखुम्बु र संखुवासभा जिल्लाका जडिवुटी संग सम्वन्धित २१ जना सहभागी कृषकहरूको उपस्थित रहेको थियो जस मध्ये २ जना महिला र १९ जना पुरूष सहभागी थिए । हिमाली आयोजनाका प्राविधिक सहायक श्री चन्द्र प्रकाश रोकायको संयोजकत्व भूमीका रहेको सो तालीममा पशु चिकित्सक डा. मनोज कुमार शाहीले



समन्वय गर्नुभएको थियो । कार्यक्रमको उद्घाटन कृषि उद्यम केन्द्रका प्रमुख कार्यकारी अधिकृत, श्री प्रदिप मर्हजन ज्यूले गर्नुभएको थियो भने तालीमको लागी वनस्पतिक विभागवाट प्रशिक्षकको व्यवस्था गरीएको थियो । साथै व्यवहारीक कक्षाको लागी वनस्पतिक शाखा, गोदावारी र जडिबुटी प्रशोधन केन्द्र, कोटेश्वरमा व्यवस्था गरी सहभागीहरूलाई व्यवहारीक रूपमा समेत प्रशीक्षण दिईएको थियो । यस तालीमवाट सहभागी किसानले जडिबुटी खेतिलाई व्यवसायिक वनाउन थप उर्जा दिएको यस आयोजनाले विश्वास लिएको छ । कार्यक्रमको समापन आफ्नो मन्तव्य सहित कृषि उद्यम केन्द्रका प्रमुख कार्यकारी अधिकृत, श्री प्रदिप मर्हजन ज्यूले गर्नुभएको थियो ।



## याक/चौरीपालन सम्वन्धि तालीम

हिमाली आयोजनाको आ.व. २०७२।७३ को स्विकृत वार्षिक कार्यक्रम अनुसार याक/चौरीपालन सम्वन्धि एक हप्ते तालीम मिति २०७३।०३।१० गते विहान १० वजे होटल हिमालयन लिजेण्ड धुन्चे रसुवाको हलमा जिल्ला पशु सेवा कार्यालय रसुवाका प्रमुख डा. डिल्लीराम सेढाईको सभापतित्वमा तालीम कार्यत्रमको उद्घाटन गरिएको थियो ।



मिति २०७३।३।१७ देखि २०७३।३।१२ सम्म संचालित उक्त तालीममा रसुवा, दोलखा, सोलु, मुस्ताङ र मनाङ जिल्लाका गरि १९ जना हिमाली उप-आयोजनाका याक/चौरी व्यवसायीहरूको सहभागीता रहेको थियो जसमा दैनिक ४ कक्षाको दरले जम्मा २४ कक्षा (४ प्रयोगात्मक, १९ शैद्धान्तिक र १ कक्षा याक चीज उद्योगको अवलोकन भ्रमण) रहेको थियो । अवलोकन भ्रमणको सिलसिलामा धुन्चे-५ स्थित दूग्ध विकास संस्थानको चीज उद्योगको अवलोकन भ्रमण गरिएको थियो ।

प्रयोगात्मक कक्षाहरूमा लेकाली क्षेत्रका चौरी चरन खर्कहरूमा लगाईने विभिन्न जातका घाँसका बीउ लगाउने तरिका तथा व्यवस्थापनका प्रकृया, नर्सरी स्थापना, विरूवा रोप्ने छर्ने पद्धतिको विषयमा प्रयोगात्मक कक्षा संचालन गरिएको थियो भने प्रयोगात्मक प्रकृया कृषि अनुसन्धान केन्द्र (चरन) धुन्चे, रसुवाको फार्म भित्रै गरिएको थियो ।

तालीमको अन्तमा जिल्ला पशु सेवा कार्यालय रसुवाका कार्यालय प्रमुख डा. डिल्लीराम सेढाई र हिमाली आयोजनाका राट्रिय टोली प्रमुख श्री दलराम प्रधान ज्यूहरूवाट संयुक्त रूपमा सहभागीहरूलाई प्रमाण पत्र वितरण गरि तालीमको समापन गरिएको थियो ।

## संचारकर्मीद्धारा अनुगमन भ्रमण

उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार आयोजना, व्यवस्थापन कार्यालय, हरिहरभवन, ललितपुरको आ.ब २०७२।७३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार हिमाली आयोजनाबाट मुस्ताङ जिल्लामा संचालित बिभिन्न कार्यक्रमहरूको संचारकर्मीद्धारा मिति २०७३ असार १३ र १४ गते स्थलगत अनुगमन भ्रमण कार्यक्रम सम्पन्न भएको छ । स्थलगत भ्रमण कार्यक्रममा जिल्ला स्थित पत्रकार, नागरिक समाज, बिभिन्न सरकारी तथा गैह्रसरकारी कार्यालयका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि एवं जिल्ला स्थित सरोकार वाला गरी जम्मा ३५ जनाको सहभागीता रहेको थियो ।

स्थलगत भ्रमण कार्यक्रम स्याङमा रहेको डेरी फार्मको स्थलगत भ्रमण तथा व्यवसायीहरूसंगको अन्तरक्रियाबाट शुरू भई घाँसा स्थित रे न्बो ट्राउट फार्मको अनुगमन गर्दै जोमसोम फर्केको थियो । यस विचमा भ्रमण टोलीबाट जोमसोम देखि घाँसा र घाँसा देखि जोमसोम सेरोफेरोमा रहेका बिभिन्न उप-आयोजनाहरूको स्थलगत अनुगमनमा उप-आयोजनासंग सम्वन्धित व्यवसाय, समुदाय तथा भ्रमण टोली बिच बिभिन्न कुराहरूका बारेमा जानकारी लिने दिने कार्य भएको थियो ।



स्थलगत भ्रमण कार्यक्रमबारे अन्तरक्रिया तथा समिक्षा गोष्ठी जिल्ला पशु सेवा कार्यालय (समन्वयकर्ताको कार्यालय) मुस्ताङको सभा-हलमा हिमाली आयोजना जिल्ला समन्वयकर्ता तथा जिल्ला पशु सेवा कार्यालय प्रमुख डा. नन्दलाल बर्माको अध्यक्षमा असार १४ गते संचालन भएको थियो । जसमा प्रमुख जिल्ला अधिकारी श्री गणेश बहादुर अधिकारी प्रमुख अतिथी, स्थानीय विकास अधिकारी हरी प्रसाद बास्तोला बिशेष अतिथी तथा अन्य जिल्ला स्थित कार्यालय प्रमुख अतिथीका रूपमा रहनु भएको यस कार्यक्रममा जिल्ला स्थित संचारकर्मी (रेडियो नेपाल, कान्तिपुर दैनिक, हिमालपारीको आवाज साप्ताहिक, मुस्ताङ साप्ताहिक मुस्ताङ एफ.एम रेडियो) लगायत जिल्ला पत्रकार महासंघका प्रतिनिधी, राजनीतिक दलका प्रतिनिधी तथा भ्रमण कार्यमा संलग्न सहभागीहरूको प्रत्यक्ष सहभागीता रहको थियो ।

गोष्ठीमा आयोजनाको तर्फबाट आयोजनाको संक्षिप्त चिनारी र मुस्ताङ जिल्लामा हालसम्म भए गरेका कार्यक्रमहरू (३८ वटा उप-आयोजनाको विस्तृत विवरण) बारे भ्रमण कार्यक्रम संयोजक श्री गणेश बहादुर थापाको प्रस्तुती पश्चात छलफलका लागि सभा हल खुल्ला गरिएको थियो । जसमा प्रमुख अतिथी, बिशेष अतिथी, नागरिक समाज, पत्रकार, राजनीतिक दलका प्रतिनिधि, आयोजनासंग सम्बन्धित व्यवसायीबाट मन्तव्यको कार्यक्रम भएको थियो । सो अन्तक्रिया तथा समिक्षा कार्यक्रममा हिमाली आयोजनाका बारेमा सवै पक्षबाट सकारात्मक टिप्पणी रहेको र सवैको एउटै माग आयोजना कम्तिमा पनि अवको ५ बर्ष थप हुनुपर्ने रहेको थियो ।



# कृषि उद्यम केन्द्र (AEC)/ ACI/ हिमालीका गतिविधि

## १. पाँचौं अन्तराष्ट्रिय व्यापार मेला

नेपाल उद्योग बाणिज्य महासंघले आयोजना गरेको पाँचौं अन्तराष्ट्रिय व्यापार मेलामा (मार्च १७-२२, २०१६, काठमाडौँ, भृकुटीमण्डप) १७ वटा स्टल हिमाली आयोजनाका व्यवसायीहरूको लागि छुट्टयाईएको थियो । संखुवासभा, सोलुखुम्बु, दोलखा, जुम्ला, डोल्पा, मुस्ताङ र मुगुका व्यवसायीहरूले चिज, केशर, अल्लोको कपडा, राडी पाखी, फापरको पिठा, हर्बल चिया, गेडागुडी लगायतका उत्पादनहरूको प्रदर्शन गरी आय-आर्जन समेत गरेका थिए । मेला अवधिभर ति व्यवसायीहरूको व्यवस्थापनमा कृषि उद्यम केन्द्र र हिमाली आयोजनाका कर्मचारीहरूको बिशेष भूमिका रहेको थियो ।

## २. प्रथम हिमाली कृषि व्यवसाय प्रवर्द्धन मेला - २०७३

मे २०-२२, २०१६ काठमाडौँ, भृकुटीमण्डपमा आयोजित "प्रथम हिमाली कृषि व्यवसाय प्रवर्द्धन मेला" मा पनि सह आयोजकको रूपमा कृषि उद्यम केन्द्रको महत्वपूर्ण भूमिका रहेको थियो । २०० भन्दा बढी उप-आयोजनाहरूले आम्दानी दिन सुरु गरिसकेको अवस्थामा हिमाली उप-आयोजनाहरूबाट उत्पादित कृषि उपजहरूको राष्ट्रिय तथा अर्न्तराष्ट्रियस्तरमा बजार प्रवर्द्धन गनुपर्ने आबश्यकतालाई महशुस गरी आयोजित हिमाली आयोजना र कार्यान्वयन साझेदार संस्था कृषि उद्यम केन्द्र संगको सहकार्यमा गरिएको थियो ।

## ३. जिल्ला स्तरीय कृषि व्यवसाय व्यवस्थापन तालीम

अप्रिल २४ देखि २९, २०१६ मा दोलखा जिल्लामा कृषि उद्यम केन्द्र/हिमाली आयोजना र जिल्ला समन्वयकर्ताको संयुक्त आयोजनामा कृषि व्यवसाय व्यवस्थापन तालीम सम्पन्न भयो अप्रिल २४-२६ पहिलो चरण र अप्रिल २७-२९ दोश्रो चरण गरी २ चरणमा करिब ४० जना हिमाली आयोजनाबाट अनुदान प्राप्त व्यवसायीहरूले भाग लिएका थिए । उक्त तालीममा क्षेत्रीय कृषि व्यवसाय विज्ञहरू अर्जुन श्रेष्ठ, डा. हेमप्रभा पाण्डे, युरान जोशी र रन्जु शाहले संयुक्त रूपमा संयोजक एवं प्रशिक्षकको भूमिका निभाउनु भएको थियो । त्यसैगरी जिल्ला समन्वयकर्ताको कार्यालय दोलखा र जिल्ला कृषि व्यवसाय विज्ञले सहयोगीको भूमिका निभाएका थिए । संगसंगै अप्रिल २७-२९ मै दोलखाको जिरीमा हाते कागज सम्वन्धि उत्पादन र बजारीकरण सम्वन्धि तालीम पनि सम्पन्न भयो । उक्त प्रशिक्षण तालीम कृषि उद्यम केन्द्र र नेपाल हाते कागज संघको संयुक्त आयो-जनामा संचालन भई सम्पन्न भएको थियो । दोलखा, सोलुखुम्बु, संखुवासभा र जुम्लाका गरी हिमाली आयोजनाबाट अनुदान प्राप्त १३ जना हाते कागज सम्वन्धि व्यवसायीहरू सहभागी थिए । क्षेत्रीय कृषि व्यवसाय विज्ञहरू अर्जुन श्रेष्ठ, युरान जोशी र जिल्ला कृषि व्यवसाय विज्ञको व्यवस्थापनमा विशेष सहयोग रहेको थियो ।



*कृषि ब्यबसाय ब्यबस्थापन तालिम, दोलखा*

त्यसैगरी ७-१६ अप्रिल, २०१६ मा संखुवासभा जिल्लामा, जुन ८-१३, २०१६ मा मुगु जिल्लामा, १०-१२ जुन, २०१६ मनाङ्ग र जुन १२-१७, २०१६ मा जुम्ला जिल्लामा जिल्ला स्तरीय कृषि व्यवसाय व्यवस्थापन प्रशिक्षण तालीम सम्पन्न भयो । जिल्ला समन्वयकर्ताको कार्यालय र कृषि उद्यम केन्द्र/हिमाली आयोजनाको संयुक्त आयोजनामा संचालित उक्त तालीमहरूमा संखुवासभा र मनाङ्ग जिल्लामा क्षेत्रीय कृषि व्यवसाय विज्ञ श्री अर्जुन श्रेष्ठ, मुगु जिल्लामा डा. हेमप्रभा पाण्डे, जुम्ला जिल्लामा श्री रन्जु शाहले प्रमुख प्रशिक्षकको भूमिका निभाउनु भएको थियो भने सो जिल्लाहरूको जिल्ला समन्वयकर्ताको कार्यालयहरू र जिल्ला कृषि व्यवसाय विज्ञहरूको बिशेष सहयोग रहेको थियो । संखुवासभा जिल्लामा दोस्रो चरणको जिल्ला स्तरीय कृषि व्यवसाय व्यवस्थापन तालीम २०-२२ जुन, २०१६ मा सम्पन्न भएको छ । उक्त तालीम पनि कृषि उद्यम केन्द्र/हिमाली आयोजना र जिल्ला समन्वयकर्ताको कार्यालय संखुवासभाको संयुक्त आयोजना रहेको थिया । उक्त तालीमका प्रमुख प्रशिक्षक क्षेत्रीय कृषि व्यवसाय विज्ञ श्री युरान जोशी हुनुहुन्थ्यो भने जिल्ला समन्वयकर्ताको कार्यालय संखुवासभा र जिल्ला कृषि व्यवसाय विज्ञको बिशेष सहयोग रहेको थियो । जिल्ला भ्रमण कै क्रममा क्षेत्रीय कृषि व्यवसाय विज्ञहरूले हिमाली आयोजना द्वारा अनुदान प्राप्त गरी संचालनमा रहेका बिभिन्न उप-आयोजनाहरूको अनुगमन गरी अहिले सम्मको आर्थिक प्रगति, देखिएका समस्याहरूको जानकरी लिनुका साथै भविष्यमा मूल्य श्रृंखला वृद्धिको माध्यमबाट व्यावसायीकरणमा जोड दिनुपर्ने कुरामा परामर्श गर्नु भएको थियो ।




*पुरस्कार ग्रहण गर्दै गौरीशंकर हिमालयन डेरी फर्म*

## ४. खाद्य मेला

यसै बिचमा जुन २४-२५ काठमाडौँको भृकुटीमण्डपमा पहिलो खाद्य मेलाको आयोजना भएको थियो । खाद्य प्रविधी तथा गुण नियन्त्रण बिभागद्वारा आयोजित उक्त मेलामा नेपाल खाद्य बैज्ञानिक तथा प्राविधिक संघ र कृषि उद्यम केन्द्रले सह-आयोजकको भूमिका निर्वाह गरेको थियो । खाद्य परिकार र खाद्य बस्तु उत्पादन र बजारीकरण गरी विभिन्न क्षेत्रबाट कुल ८० भन्दा बढी स्टलहरू प्रदर्शनीमा थिए भने हिमाली आयो-जनाबाट अनुदान प्राप्त ३ व्यवसायीहरूले उक्त मेलामा भाग लिने अवसर प्राप्त गरेका थिए । सहभागीहरूमा गौरीशंकर हिमालयन डेरी फर्म (०३-०१३), दोलखा, गत्लांग दाल उत्पादन केन्द्र (०४-१०८), रसुवा र हिमालयन फलफूल प्रशोधन उद्योग (०४-०८१), रसुवा रहेका थिए ।

परम्परागत, पोषिला, गुणस्तरीय एवं स्थानीय खाद्य पदार्थको उत्पादन र प्रयोगमा सहयोग पुर्याउने उत्पादन कर्तालाई पुरस्कारको व्यवस्था गरिएको उक्त मेलामा खाद्य उत्पादन र बजारीकरणको समूहबाट गौरीशंकर हिमालयन डेरी फर्म, दोलखाले दोश्रो पुरस्कार हात पार्न सफल भएको थियो । हिमाली आयोजना, व्यवसायीहरू र सबैको लागि यो गौरवको कुरा हो । उक्त मेलामा पनि व्यवसायीहरूको व्यवस्थापन लगायतका विविध पक्षमा कृषि उद्यम केन्द्र/हिमाली आयोजनाका कर्मचारीहरूको बिशेष भूमिका रहेको थियो ।

हिमाली उप-आयोजनाहरूको नियमित अनुगमन र पृष्ठपोषण लगायत क्रियाकलापहरू नियमित रूपमा अगाडी बढ्नेमा कृषि उद्यम केन्द्र सकारात्मक छ र आगामी दिनहरूमा प्रक्षेपित कार्यक्रमहरू प्रभावकारी ढंगबाट कार्यसंचालन गर्न अझै प्रतिवद्ध छ ।

# आयोजना कार्यान्वयनमा संलग्न निकायहरू र सम्पर्क

## जिल्ला आयोजना समन्वयकर्ता, जिल्ला कृषि उद्यम विज्ञ तथा जिल्ला अनुगमन संयोजकहरू

| क्र.स | कार्यालय | फोन/फ्याक्स | ईमेल |
|---|---|---|---|
| | **सोलुखुम्बु (०३८ )** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला कृषि विकास कार्यालय) | ५२०१०३ (P/F) | dlsosolu@yahoo.com |
| २ | DAES : श्री संजीव महर्जन मार्फतः जिल्ला कृषि विकास कार्यालय | ९८४३३१२४८० | maharjansanziv@gmail.com |
| ३ | DMC : श्री दावा तेन्जी लामा | ९८१९९१९७९८ | dawalama807@yahoo.com |
| | **संखुवासभा (०२९)** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला पशु सेवा कार्यालय) | ५६०१५९ | dlsosankhuwasabha@gmail.com |
| २ | DAES : श्री युवराज गुरूङ्ग मार्फत : जिल्ला पशु सेवा कार्यालय | ९८४१७४०५१० | yuvarajgrg25@gmail.com |
| ३ | DMC : श्री कमान सिंह राई | ९७४२०१०५०२ | k_singh6@yahoo.com |
| | **दोलखा (०४९)** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला पशु सेवा कार्यालय) | ४२१११५ | dlsodolakha@yahoo.com |
| २ | DAES :श्री रामचन्द्र अधिकारी मार्फत : जिल्ला उद्योग बाणिज्य संघ | ९८४१८७४६९९ | rc_adhikari2008@hotmail.com |
| ३ | DMC : श्री लिला बहादुर भुजेल | ९८४३३५९८६४ | bhujel.lb5@gmail.com |
| | **रसुवा (०१०)** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला पशु सेवा कार्यालय) | ५४०१२९ | dsedai@yahoo.com |
| २ | DAES : श्री बीरद लाल सिखु श्रेष्ठ | ९८४१३६३८०८ | biradsiku@gmail.com |
| ३ | DAM : श्री गंगा अधिकारी | ९८४३०४८६५ | ganga.adhikari@live.com |
| | **मनाङ्ग (०६६)** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला कृषि विकास कार्यालय) | ४४०२१३ | dadomanang1@gmail.com |
| २ | DAES : चेत बहादुर थापा | ९८४६०५९२५९<br>९८१५१४९७५९ | chet.himaliaec@gmail.com |
| ३ | DMC : श्री सुनिता देवी श्रेष्ठ | ९८४६१०७७१३ | sunita.shrestha95@yahoo.com |

| क्र.स | कार्यालय | फोन/फ्याक्स | ईमेल |
|---|---|---|---|
| | **मुस्ताङ (०६९)** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला पशु सेवा कार्यालय) | ४४०१२१ | dlsojomsom@yahoo.com |
| २ | DAES : श्री तीर्थराज ढकाल मार्फत : जिल्ला पशु सेवा कार्यालय | ४४००५७/<br>९८५१०१७४४१ | tr_dhakal@yahoo.com |
| ३ | DMC : श्री गोकर्ण देवकोटा | ९८४१९६९५७० | gokarnadevkota@hotmail.com |
| | **जुम्ला (०८७)** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला पशु सेवा कार्यालय) | ५२००२८ (P/F) | jumlavet@yahoo.com |
| २ | DAES : श्री श्रीकृष्ण गौतम मार्फत : जिल्ला उद्योग बाणिज्य संघ | ९८४१०४४४९१ | gtm.skg@gmail.com |
| ३ | DMC : श्री राजेन्द्र प्रसाद गिरी | ९७४१३२९६२६ | raj27.bjh@gmail.com |
| | **मुगु (०८७)** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला कृषि विकास कार्यालय) | ४६००८६ | dadomugu.govnp@gmail.com |
| २ | DAES : श्री जगत बहादुर भाम मार्फत : जिल्ला उद्योग बाणिज्य संघ | ९८४८३०८५१५ | bhamjagat@gmail.com |
| ३ | DMC : श्री डम्बर बहादुर रोकाय | ९८४८३००६६३ | dbrokaya@gmail.com |
| | **डोल्पा (०८७)** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला कृषि विकास कार्यालय) | ५५००९९ | dadodolpa55@gmail.com |
| २ | DAES : श्री आङ बहादुर लामा मार्फत : जिल्ला कृषि विकास कार्यालय | ९८६०४२७५४६/<br>९८५११५७८१७ | angblama@gmail.com |
| ३ | DMC : श्री हर्ष राज भट्ट | ९७४११४५३४० | bhatt.harsraj@gmail.com |
| | **हुम्ला (०८७)** | | |
| १ | आयोजना समन्वयकर्ताको कार्यालय (जिल्ला कृषि विकास कार्यालय) | ६८००११ | dadohumla@gmail.com |
| २ | DAES : श्री बिनोद कुमार शाही | ९८४१७७४७९६ | binod.shahi@aec-fncci.org |
| ३ | DMC : श्री गगन बहादुर शाही | ९८४८३३६७८५ | rupasinghshahi54@yahoo.com |

## कृषि उद्यम केन्द्र

| क्र.स | नाम, पद र कार्य क्षेत्र | सम्पर्क नंम्बर | ईमेल |
|---|---|---|---|
| १ | श्री राममणी पौडेल, टोली नेता AEC/हिमाली | ९८४८०२७२३१ | ramani.paudyal@aec-fncci.org |
| २ | क्षेत्रीय कृषि व्यवसाय योजना विज्ञ (पूर्वाञ्चल) | | |
| ३ | डा हेमप्रभा पाण्डे, क्षेत्रीय कृषि व्यवसाय योजना विज्ञ (मध्यमाञ्चल) | ९८४९९५१८५५ | pranamu4@gmail.com |

| क्र.स | नाम, पद र कार्य क्षेत्र | सम्पर्क नंम्बर | ईमेल |
|---|---|---|---|
| ४ | श्री युरान जोशी क्षेत्रीय कृषि व्यवसाय योजना विज्ञ | ९८१७२४४४६८ | uran.joshi@gmail.com |
| ५ | श्री रन्जु शाह क्षेत्रीय कृषि व्यवसाय योजना विज्ञ | ९८६००३३३४० | apranju5@gmail.com |



**प्रापक**

श्री ______________________________

______________________________

**प्रेषक**

नेपाल सरकार

पशुपन्छी विकास मन्त्रालय

पशु सेवा विभाग

**उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार (हिमाली) आयोजना**

हरिहरभवन, ललितपुर

फोन नं. ०१५५२५८३१, **फ्याक्स** : ०१५५२८६७०, टोल फ्री नं. १६६०-०१-१५५००, ईमेल : info@himali.gov.np, वेवसाईट : www.himali.gov.np







